जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २७७ २०८० साल जेठ ३० गते मंगलबार (13 June 2023 Tuesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : साना व्यापारमा रमाउँदै... ३ पृष्ठमा : यस वर्ष विपद्‌बाट १२ लाख ५० ... ३ पृष्ठमा :साउदी अरबमा सुरक्षा ...

## सप्तरीबाटै ६ गरि ८ जना राष्ट्रिय भारतोलनका लागी छनौट

**दैनिक समाचारदाता**
**राजबिराज, २९ जेठ।**

आगामी जेठ ३२ देखि गण्डकी प्रदेशको पोखरामा हुने राष्ट्रिय महिला तथा पुरुष भारतोलन प्रतियोगितामा मधेश प्रदेशबाट सहभागी हुने ८ खेलाडी मध्ये ६ जना सप्तरीकै छनौट भएका छन्।

महिला तर्फ विभिन्न तौल समुहमा छनौट भएकी अम्बिका यादव, संतोषी कुमारी यादव र नेहा यादव सबै सप्तरी की हुन। यस्तै पुरुष तर्फ छनौट भएका ५ जना मध्ये ३ जना सप्तरी कै छन्।

जिल्ला खेलकुद विकास समिती सप्तरीका भारतोलन सहायक प्रशिक्षक पुन्तीलाल यादवका अनुसार पुरुष तर्फ सप्तरीका हेम नारायण यादव, अनुराग प्रताप सिह र संजय यादव तथा पर्साका सजामुदिन आलम र आसिक हुसैन छनौट भएका छन।

मधेश प्रदेश टिममा सप्तरी र पर्सा बाहेक अन्य जिल्लाका खेलाडी छनौटमा पर्न असफल भएको उनले जानकारी दिए।

जिल्ला खेलकुद विकास समितीका कार्यालय प्रमुख एवं भारतोलनका पूर्व प्रशिक्षक दिनेश भुजेलले प्रतियोगितामा मधेश प्रदेश टिमबाट सहभागी हुने अधिकाँश खेलाडीले स्वर्ण पदक ल्याउने दाबी समेत गरे।

टिमको प्रशिक्षकमा रहेका पुन्तिलाल यादवले मधेशमा त्यसमा पनि भारतोलन खेलमा महिला भित्र्याउनु सामान्य कुरा नभएको बताउँदै तीन वटै महिला खेलाडी मात्र होइन। टिममा सहभागी सबै खेलाडीले कुनै न कुनै पदक ल्याई छाड्ने दाबी गरे।

## विषादी सेवन गरेका तीन जना मध्ये एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, २९ जेठ।**

सप्तरीमा एक महिलासहित तीन जनाले विषादी सेवन गरेका मध्ये एक ६५ वर्षिय बृद्धको उपचारका क्रममा मृत्यु भएको छ।

जिल्लाको राजगढ गाउँपालिका ५ मलेकपुर टोल निवासी ६५ वर्षिय सिताराम मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ।

घरायसी बादबिवादको कारण बिषादी सेवन गरेका उनको गजेन्द्र नारायण सिहं अस्पताल राजबिराजमा उपचार भईरहेका क्रममा सोमबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै आइतबार जिल्लाको सप्तकोशी नगरपालिका ३ सखुवनि टोल बस्ने २२ वर्षिय महेश सदाले नाम नखुलेको बिषादी सेवन गरेका छन्। उनको स्थानिय किरण पोलि क्लिनिक फत्तेपुरमा उपचार भईरहेको प्रहरीले जनाएको छ।

यसैगरि आइतबारै जिल्लाको बोदेबर्साईन नगरपालिका ३ मधुवन टोल बस्ने २२ वर्षिया सन्जु कुमारी मंडलले निन्द्रा लाग्ने औषधी सेवन गरेकाले गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## निजामती कर्मचारीले कार्यालय पोसाकमा टिकटक बनाए कारबाही हुने

काठमाडौँ, २९ जेठ (रासस)।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीले कार्यालय समयमा टिकटक बनाए कारबाही गर्ने भएको छ। मन्त्रालयले एक सूचना प्रकाशित गरी कार्यालय समयमा टिकटक नबनाउन निर्देशनसमेत दिएको छ।

कार्यालय समयमा कार्यालयको पोसाक लगाएर, कार्यालयको सवारीसाधन प्रयोग गरेर र कार्यालय हाताभित्र टिकटक बनाउन रोक लगाइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता कमलप्रसाद भट्टराईले बताउनुभयो।

उहाँले भन्नुभयो, “कार्यालयसँग सम्बन्धित कामबारे पनि टिकटक नबनाउन हामीले निर्देशन दिएका छौँ, यदि निजामती कर्मचारीले यस्ता नियम उल्लङ्घन गरेको पाइएमा अनुशासन नियमअन्तर्गत कारबाही हुनेछ।” पछिल्लो समय टिकटकमा निजामती कर्मचारी उच्छृङ्खल भएको भन्दै गुनासो आएकाले उक्त कदम चालिएको मन्त्रालयले जनाएको छ।

## समस्या परेकी महिलालाई सहयोग



**दैनिक समाचारदाता**
**राजबिराज, २९ जेठ।**

श्रीमान् गुमाएर हातमुख जोर्ने समस्यामा परेकी एक महिला र उनको नाबालक दुई सन्तानका लागी एक सहृदयीले आफ्नो निजी खर्चबाट १ महिनाका लागी पुग्ने खाद्यान्न लगायतका सामग्री प्रदान गरेका छन्।

रुपनी गाउँपालिका ६ तेरहौता निवासी रंजित कुमार भगतले सोही वडा निवासी एकल महिला उर्मिला सरदारलाई एक महिना सम्म पुग्नेगरी राशन सामग्री प्रदान गरेका हुन्।

सोमवार उनको घरमै पुगी भगतले एक महिना सम्म पुग्ने गरी चामल, दाल, खाने तेल, मुरही, नून, साबुनका साथै नाबालक २ सन्तानका लागी पोष्टिक आहार प्रदान गरेका छन्।

उर्मिलाको ३६ वर्षिय श्रीमान् मसुक लालको ४ दिन अघि प्यारालाइसिस (पक्षघात) भई उपचारको अभावमा मृत्यु भएको थियो। दैनिक मजदृरी गरी परिवार पाल्दै आएका मसुक लालको निधन भएपछी उनको परिवार हातमुख जोर्ने समस्याबाट गुज्रीरहेको थाहा भएपछी उनको घर मै पुगी आवश्यक जानकारी लिनुका साथै सानो सहयोग गरेको भगतले बताए।

भगत एमालेको गाउँ कमिटी सचिव तथा यूवा संघ नेपाल सप्तरीका उपाध्यक्ष समेत हुन्।

## ३५ अर्बको बजेट ल्याउने तयारीमा मधेस प्रदेश सरकार

धनुषा, २९ जेष्ठ (रासस)।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याउने बजेटको तयारी गर्ने अन्तिम चरणमा पुगेको छ। प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार मधेस सरकारले बजेट ल्याउने तयारी गरेको हो।

प्रदेश सरकार अर्थ मन्त्रालयका सचिव प्रेमप्रसाद भट्टराईले सरकारले आगामी आवका लागि करिब रु ३५ अर्ब बराबरको बजेट ल्याउने तयारी गरेको छ। “चालु वर्षभन्दा आगामी वर्षमा बजेटको आकार घटेर आउने भएको छ”, उहाँले भन्नुभयो, “प्रदेश सरकारको रु २० अर्ब र सङ्घीय सरकारले दिने रु १५ अर्ब गरी करिब रु ३५ अर्बको बजेट ल्याउने तयारी भइरहेको छ।”

सबै मन्त्रालयलाई पठाइएको बजेट सिलिङ र मार्गनिर्देशनको आधारमा बजेट निर्माण हुने उहाँको भनाइ छ। “अधिकांश मन्त्रालयको बजेट निर्माण अन्तिम चरणमा छ। सङ्घ सरकारले आगामी आवका लागि २२ प्रतिशत बजेट कटौती गरी पठाएकाले बजेटको आकार घट्ने भएको हो”, अर्थ सचिव भट्टराईले भन्नुभयो।

चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले रु ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजारको बजेट ल्याएको थियो।

गत मङ्गलबार प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रदेशसभामा एक सय ८९ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। सरकारको नीति तथा कार्यक्रममाथि तीन दिन संसदमा छलफल भइ गत शुक्रबार सर्वसम्मतिले पारित भइसकेको छ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**आगलागी हुन नदिन चनाखो बनौं ।**

आगलागीबाट बच्न,

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

आगलागीजन्य विपद्‌बाट बच्न चनाखो बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सुर्तीजन्य पदार्थ विरुद्ध कडा कदम चाल्न आवश्यक

नेपालमा हानिकारक सूर्तीजन्य पदार्थको प्रयोगकर्ताको संख्या उल्लेख्य रहेको छ । खासगरी युवावर्ग सूर्तीजन्य पदार्थको सेवनको दायरा भित्र अत्यधिक परेका छन् । सूर्तीजन्य पदार्थ सेवनबाट विभिन्न खाले भयावह रोग लाग्ने र अन्तः मृत्युवरण गर्नुपर्ने बाध्यता रहे पनि यसको प्रयोगकर्ताहरुमा कमी भने आउन सकेको छैन । विद्यालयका कलिला छात्रहरु पनि सूर्तीजन्य पदार्थको प्रयोगकर्ता हुनु हाम्रा लागि चिन्ताको विषय हो ।

हामीले कर्णधार युवा र बालबालिकालाई यस हानिकारक सूर्तीजन्य पदार्थको सेवनबाट टाढा राख्न जरुरी छ । यसका लागि सरकारी तथा गैरसरकारी तवरबाट अनेकन प्रयासहरु नभएका होइनन् । तर, यसको प्रयोगमा कमी भने आउन सकेको छैन । कतिपय विज्ञहरुले सूर्तीजन्य पदार्थमा धेरै मात्रामा कर वृद्धि गरियो भने यसको सेवनमा कमी आउँछ । तर, समस्याको समाधान यसले मात्र गर्न भने सक्दैन । हाम्रो मुलुकमा सूर्तीजन्य पदार्थहरु सामान्यजनको पहुँचमा छ । जुनसुकै पसलहरुमा पनि सूर्तीजन्य पदार्थ सजिलै किन्न पाइन्छ । सरकारले कानून बनाए पनि हरेक उमेर समूहका व्यक्तिले सहज रुपमा सूर्तीजन्य पदार्थ किन्न सक्दछन् । जसले गर्दा यसको सेवनकर्ताको संख्या दिनानुदिन बढ्दै गएको छ । सूर्तीजन्य पदार्थ, चुरोट, विडी, खैनी, गुटखा आदि रुपहरुमा बजारमा प्रशस्तै पाइने गरेको छ । अहिले सूर्तीजन्य पदार्थ सेवन नसर्ने रोग अन्तर्गत गम्भीर रोगका रुपमा बिकासित हुँदै गएको छ ।

हाम्रो जस्तो गरीब मुलुकका जनताको कमाईको ठुलो हिस्सा सूर्तीजन्य पदार्थको खरीद र सेवनमा तथा यसका कारण गम्भीर प्रकृतिका रोग लागेपछि औषधि उपचारमा खर्च भइरहेको छ । तीनै तहका सरकारहरुले सूर्तीजन्य पदार्थमा अत्यधिक कर लगाएर यसको बिक्री वितरणको समेत मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ । अन्यथा हाम्रा युवा तथा बालबालिका सूर्तीजन्य पदार्थको चपेटमा यसरी नै परिरहन्छन् ।

# साना व्यापारमा रमाउँदै हरवाचरवा महिला



**राजु विश्वकर्मा**
सप्तरी, २९ जेठ (रासस) ।

कुनै बेला साहु महाजनको खेतबारीमा मजदुरी गरेर परिवार पाल्दै आएकी सप्तरीको बोदे बसाइन नगरपालिका-७ हैठीका कलमतदेवी सदाको पहिचान यतिबेला फेरिएको छ ।

केही वर्षअघिसम्म दुई छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिएकी उहाँको अब भन्ने त्यो दुःखको दिन गएको छ । पुँजीका आभावमा आर्थिक उन्नति गर्नसमेत सोच नबनाएकी सदा अहिले किराना व्यापार गरेर राम्रो आम्दानी गर्न थालेपछि उहाँको दुःखको दिन गएको हो ।

गाउँको साहुमा हरवाचरवाको काम गरी जीविकोपार्जन गर्दै आउनुभएकी सदाको परिवारमा केही वर्षअघिसम्म दुःखको पहाड लागेको थियो तर ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुःख विस्तारै हराउन थालेको सदा बताउनुहुन्छ ।

“केही नगरी जीवनस्तर उकास्न सकिन भन्ने बुझेर दुई वर्षअघि न्यून पुँजीमा किराना पसल सञ्चालन गरे अहिले जीवनमा ठूलो परिवर्तन आएको छ”, उहाँ भन्नुहुन्छ, “व्यापार गर्ने इच्छा भए पनि पुँजी आभावका कारण त्यसले मूर्तता पाउन सकेको थिएन, तर २०७८ सालमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवाचरवा सशक्तीकरण अभियान कार्यक्रमअन्तर्गत गठित दिनाराम दिनाभद्री बचत तथा ऋण समूहबाट ऋण लिएर व्यापार सुरु गरेपछि आफ्नो सपना साकार भएको उहाँको कथन छ ।

कलमतदेवीले पसल चलाउन थालेपछि अहिले उहाँका श्रीमान् विहारी सदाले पनि उहाँलाई सघाइरहनुभएको छ । “म पसल चलाउँछु, श्रीमान्ले नजिकैको बोदे बसाइन बजार र मानराजबाट पसलका लागि चाहिने सामान ल्याई दिनुहुन्छ”, कलमतदेवी भन्नुहुन्छ, “अहिले हामी दुवै जना मिलेर पसल चलाइरहेका छौं ।” पसलबाट दैनिक एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी भइरहेको उहाँको कथन छ ।

“पहिला गाउँको साहु महाजनमा मजदुरी गर्दै आएको थिए”, कलमतदेवीका श्रीमान् विहारी सदा भन्नुहुन्छ, “अहिले केही वर्षदेखि मजदुरी छाडेर किराना पसलमा श्रीमतीलाई सघाउँदै आएको छु ।” अरुको मजदुरी गर्नुभन्दा आफ्नै व्यापार गरेर राम्रो आम्दानी गर्न पाएकोमा असाध्यै खुसी लागेको उहाँको अनुभव छ ।

यस्तै सप्तरीको शम्भुनाथ नगरपालिका-१० जमुवाकी लक्ष्मीकुमारी रामले पनि गाउँमा किराना पसल चलाएर राम्रो आम्दानी गर्दै आउनुभएको छ । सामान्य लेखपढ गर्नसमेत नजानेकी लक्ष्मीलाई बिहान हुने बित्तिकै कतिबेला पसल खोल्ने, कहाँबाट सामान ल्याउन र बिक्री गर्ने भन्नेमा हतारो हुन्छ ।

दुई वर्षअघिसम्म पुँजीको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी उहाँ अहिले भन्ने गाउँ नजिकै किराना पसल सञ्चालन गरी राम्रो आम्दानी गर्दै आउनुभएको छ । आयआर्जनको गतिलो आधारसँगै लक्ष्मीको जीवनमा परिवर्तन मात्र होइन, परिवारको पहिचानसमेत फेरिएको छ ।

आयआर्जनको ठोस आधार नपाउँदा केही वर्षअघि सम्म गाउँकै साहु महाजन कहाँ बनिबुतो गर्दै आएको विगतको अतित सम्झिँदै लक्ष्मी भन्नुहुन्छ, “पहिले हरवाचरवाको रुपमा ज्याला मजदुरीमा सधैं काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालनपोषण गर्न धौ-धौ हुन्थ्यो ।” अहिले भन्ने स्वतन्त्ररुपमा सानो व्यापार गरेर राम्रो आम्दानी हुन थालेको छ, जसका कारण सन्तुष्ट छु, उहाँको भनाइ छ ।

“दिनभरि ज्याला मजदुरीमा काम गर्दा मात्र थोरै मात्र ज्याल पाउथ्ये, त्यस कारण परिरवार चलाउन समस्या हुन्थ्यो”, लक्ष्मी भन्नुहुन्छ, “तर अब मेरो त्यो दुःखको दिन कटेको छ ।” अहिले तरकारी व्यापार गररै पाँच जना परिवारको गुजारा चलाउँदै आएको छु, उहाँको भनाइ छ ।

आर्थिक विपन्नता र चेतनाको अभावमा साहु महाजनमा श्रम गर्दै आएकी लक्ष्मीकुमारी, कलमतको जीवनमा आएको यो परिवर्तन कुनै चमत्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा सशक्तीकरण कार्यक्रमबाट आएको हो ।

“सुरु सुरुमा म धेरै लजाउँथे, के गरौं नगरौं भन्ने थाहै थिएन, सधैं मजदुरी गरेर जेनतेन परिवार मात्रै पालथ्ये”, लक्ष्मी भन्नुहुन्छ, “तर, जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरे, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो ।”

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियामा गठन भएको बचत तथा समूहमा आबद्ध भएकी उहाँहरू त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउनुहुन्छ ।

कलमतदेवी आबद्ध दिनाराम दिनाभद्री बचत तथा ऋण समूहमा ३० जना सदस्य आबद्ध छन् । हरेक सदस्यले बचत समूहका मासिक रु एक सयका दरले बचतसमेत गर्दै आएको समूहका अध्यक्ष अधिकलाल सदाले बताउनुभयो । सदस्यले मासिकरुपमा गरेको बचत रकम रु २४ हजारभन्दा बढी पुगेको छ, समूहका अध्यक्ष सदाले भन्नुभयो, “बचत भएको रकम समूहकै सदस्यमा ऋण लगानी गर्ने गरेका छौं ।” जसले महिलामा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उहाँको बुझाइ छ ।

पछिल्लो केही वर्षयता हरवाचरवा दलित महिलामा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले सकारात्मक सन्देश दिएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता सञ्जीवकुमार यादवको भनाइ छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# यस वर्ष विपद्‌बाट १२ लाख ५० हजार मानिस प्रभावित हुन सक्ने

काठमाडौँ, २९ जेठ (रासस)।
यस वर्षको मनसुनबाट १२ लाख ५० हजार नागरिक प्रभावित हुने प्रक्षेपण गरिएको छ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विभिन्न वैज्ञानिक विश्लेषणका आधारमा गरिएको अध्ययनमा कूल दुई लाख ८६ हजार नौ सय ९८ घर धुरीका १२ लाख ५० हजार मानिस प्रभावित हुने आँकलन गरेको हो।
सबैभन्दा बढी मधेस प्रदेशमा चार लाख र कोसी प्रदेशमा तीन लाख मानिस प्रभावित हुने अनुमान गरिएको जनाइएको छ। प्राधिकरणका अनुसार लुम्बिनी प्रदेशमा दुई लाख, बागमती प्रदेशमा एक लाख, सुदूरपश्चिम प्रदेशमा एक लाख ४७ हजार, गण्डकी प्रदेशमा ६९ हजार र कर्णाली प्रदेशमा ३५ हजार मानिस विपद्‌बाट प्रभावित हुने आँकलन गरिएको हो। गत वर्ष २० लाखि मानिस प्रभावित हुने आँकलन गरिएको थियो।
मनसुन भित्रिन केही दिन मात्रै बाँकी रहेकाले पूर्वतयारी तथा प्रतिकार्यका काम तीव्ररुपमा अघि बढिरहेका छन्। उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् व्यवस्थापनको काम चुस्तरुपमा अघि बढाउन यसअघि नै निर्देशन दिइसक्नुभएको छ।
सोही आधारमा आवश्यक पूर्वतयारी समन्वययात्मक काम तथा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण भएको पनि प्राधिकरणले जनाएको छ।
आइतबार बसेको १८औँ बैठकले उक्त कार्ययोजना स्वीकृत समेत गरेको छ।
कार्ययोजनामा मनसुनजन्य जोखिमको अवस्था विश्लेषण तथा प्रभाव आँकलनका साथै विभिन्न मन्त्रालय तथा विषयगत क्षेत्र, निजी क्षेत्र, मानवीय क्षेत्रमा काम गर्ने नेपाल रेडक्रसलगायत गैरसरकारी संस्थाको जिम्मेवारीका साथै खोज, उद्धार तथा राहत सामग्रीको मौज्दातीको विवरण समेटिएको छ।
त्यसैगरी भण्डारण गरिएका आपत्कालीन उपकरण र सामग्रीको जानकारी उपलब्ध हुने स्रोत व्यवस्थापन प्रणाली' गोदाम र खोज तथा उद्धारमा संलग्न हुने स्वयंसेवकको विवरण उपलब्ध हुने स्वयंसेवक व्यवस्थापन प्रणालीबारेमा कार्यविभाजन पनि गरिएको छ।
पूर्वसूचना तथा पूर्वकार्यका लागि देशका ३४ स्थानमा स्मार्ट साइरन जडान, विपद् सामूहिक उद्धार सवारी तथा 'ए क्लास' एम्बुलेन्स खरिद गरी सातवटै प्रदेश र काठमाडौँ उपत्यकामा एक-एकवटा रहने व्यवस्था मिलाइएको प्राधिकरणले जनाएको छ। स्वयंसेवक प्रणालीमा हालसम्म एक लाख चार सय २२ जना सूचीकृत भइसकेका छन्।
जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्षको मनसुनमा देशैभरि कम पानी पर्ने प्रक्षेपण गरिसकेको छ। सरदरभन्दा कम पानी पर्ने भएकाले अधिकतम तापक्रम विगतको भन्दा बढी हुने अनुमान पनि गरिएको छ।
सामान्यतया जेठ अन्तिम साताबाट मनसुन नेपाल प्रवेश गर्दछ। जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले यस वर्षको मनसुन जेठ ३१ वा ३२ गते पूर्वबाट मनसुन प्रवेश गर्ने सम्भावना रहेको बताउनुभएको छ। नेपालमा मनुसन सरदर एक सय दिन क्रियाशील हुने गरेको छ। उहाँले औषतभन्दा म पानी पर्ने भन्ने कुरालाइ पानीनै पर्दैन, विपद् नै आउँदैन भन्ने अर्थमा नबुझ्न अनुरोध गर्नुभएको छ। औषतभन्दा कम पर्ने भएकाले विपद्‌जन्य घटना भने निम्तिनसक्ने हुँदा तयारीका कामलाई तीव्रताका साथ अघि बढाउनुपर्ने बताउनुभयो।
नेपालमा बाढी, पहिरो र भारी वर्षा प्रमुख मनसुनजन्य विपद् हुन्। शीतलहर खडेरीले पनि प्रभाव पार्ने गरेकोमा यसपटक भने प्रतिमनसुनका समयमा तातो हावाको लहरले जनजीवन प्रभावित बनाएको छ। यो क्रम अहले पनि तयाईका जिल्लामा कायमै छ।
मौसमविद् शान्ति कँडेलले यसपालि इलाम, धरान, नवलपुर, ओखलढुङ्गालगायतका क्षेत्रमा अधिकतम तापक्रमले रेकर्ड कायम गरेको छ। यसपालि केही दिनमा मनससुन भित्रिएर केही पानी पर्ने भए पनि पुन तातोहावाको लहर बढ्ने भएकाले सचेत हुनुपर्ने उहाँले बताउनुभयो।
गृहमन्त्रालयले तातोहावाको लहरबाट मानिसलाई जोगाउने आवश्यक पर्ने उपाएका विषयमा ठोसठोस प्रस्ताव ल्याउन निर्देश गरिसकेको छ।

# सहकारीको ऋण चुक्ता गर्नेको बैंक खाता रोक्का

काठमाडौँ, २९ जेठ (रासस)।
सहकारीबाट ऋण लिएर साँवा र ब्याजसहित चुक्ता गरिसकेकाको ऋण बाँकी भएको भनी बैंक खाता रोक्का गरिएपछि पीडित हुनेको सङ्ख्या बढ्न थालेको छ।
लु:निभा बहुउद्देश्यीय सहकारी संस्था असनबाट विसं २०६८ मा रु १५ लाख ऋण लिनुभएका ईन्द्र श्रेष्ठले केही वर्षमै त्यसको साँवा र ब्याज चुक्ता गरिसक्नुभएको छ। सहकारीका उपाध्यक्ष रामेश्वर श्रेष्ठलाई उहाँले पैसा बुझाउनुभएको थियो। ऋण चुक्ता गरिसकेको पत्र पनि पीडित इन्द्रसँग छ। उहाँको बैंक खाता रोक्का भएपछि अहिले उहाँ सहकारी व्यवस्थापन समितिको कार्यालयमा भौँतारिन बाध्य हुनुभएको छ।
ऋणीको ऋणको साँवा र ब्याज दुवै लिएका उपाध्यक्ष श्रेष्ठले कम्प्युटर अभिलेखबाट भने इन्द्रको ऋण चुक्ता नगरिदिँदा यो समस्या आएको हो। सहकारीमा समस्या भई नेपाल सरकारले लु:निभालाई समस्याग्रस्त संस्था घोषणा गरेको छ। त्यसपछि यसको व्यवस्थापन सहकारी ऐन २०७४ अनुसार गठन भएको सहकारी व्यवस्थापन समितिको कार्यालयले गर्दै आएको छ।
सरकारले घोषणा गरेका समस्याग्रस्त सहकाकारीको दस्तावेज समितिले नियन्त्रणमा लिई काम गरेको छ। यसै सिलसिलामा लु:निभाका ऋणिलाई बाँकी ऋण तिर्न आउन पटक-पटक पत्रपत्रिका, रेडियो, एफएमबाट सूचना प्रकाशन एवं प्रसारण भएको थियो। सूचनाबाट पनि ऋणिले ऋण तिर्न नआएपछि बैंक खाता रोक्का गरिएको समितिका सदस्य सचिवसमेत रहनुभएका कार्यालय प्रमुख केशवप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो।
पीडित इन्द्रका तर्फबाट यो मुद्दा हेरिरहनुभएका कानुन व्यवसायी खगेन्द्र बोहरा ऋणको साँवा र ब्याज लिने सहकारीका उपाध्यक्ष श्रेष्ठलाई पटक-पटक समितिको कार्यालयमा बोलाउँदा पनि नआएको बताउनुहुन्छ। यस्तो समस्या भोग्ने इन्द्र एक्लै हुनुहुन्न।
स्युचाटारका शशि गौतमले पनि चार्टर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडबाट ऋण लिनुभएको थियो। उहाँले पनि यसअघि नै त्यो ऋण तिरिसक्नुभएको छ। उहाँको पनि समितिले बैंक खाता रोक्का गरिदियो। गौतमको भने कम्प्युटर अभिलेखमा पनि ऋण चुक्ता भएको देखिन्छ। उहाँले ऋण लिँदा गरेको कागज नच्यातिएकाले त्यसैका आधारमा बैंक खाता रोक्का गरिएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो।
पीडितले भने समितिले भएका कागजातका पनि राम्रोसँग अध्ययन नगरी बैंक खाता रोक्का गरेको भन्दै आक्रोश व्यक्त गरेका छन्। सरकारी कार्यालयले राम्रो अध्ययन नगरी बैंक खाता रोक्का गरेकामा श्रेष्ठ र गौतम दुवैले गुनासो गर्नुभयो।
सरकारले समस्याग्रस्त घोषणा गरेका स्टाण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका बचतकर्ताको बचत फिर्ताका लागि पनि काम गरिरहेको समितिले जनाएको छ।
सरकारले समस्याग्रस्त घोषणा गरेकामध्ये ओरेण्टलका सबैभन्दा धेरै पीडित रहेको समितिका कार्यालय प्रमुख पौडेलले बताउनुभयो। कुबेर बचत तथा ऋण सहकारी संस्था र स्टाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेडका बचतकर्ताको रकम फिर्ता गरिसकेको छ। बाँकी १० सहकारीका बचतकर्ताको रकम पनि फिर्ताका लागि काम भइरहेको जनाइएको छ।
सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीको व्यवस्थापनका लागि समितिको गठन भएको हो। समितिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत रही समस्याग्रस्त सहकारी व्यवस्थापनको काम गर्दै आएको छ। समितिले काम सुरु गरेको लामो समयसम्म पनि पीडितका पक्षमा काम नभएको भन्दै आक्रोश समेत व्यक्त हुने गरेको छ।

# नवनिर्वाचित कार्यसमितिलाई सम्मान

काठमाडौँ, २९ जेठ (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले लामो सङ्घर्षबाट प्राप्त राजनीतिक उपलब्धिलाई जोगाउन वाम शक्ति एकताबद्ध हुनुपर्ने बताउनुभएको छ।
समाजवादी प्रेस सङ्गठनको नयाँ कार्यसमितिलाई सम्मान गर्न पार्टीको प्रचार विभागद्वारा सोमबार आयोजित कार्यक्रममा अध्यक्ष नेपालले जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउन वाम शक्तिको उल्लेखनीय भूमिका निर्वाह गरेको स्मरण गर्दै यो उपलब्धिलाई खलबलाउने प्रयास भइरहेकाले वामपन्थी एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो।
पत्रकारिता क्षेत्रको क्रियाशीलताको खाँचो औँल्याउँदै उहाँले सभ्य समाज निर्माणका लागि सञ्चारजगतले राम्रो र सकारात्मक सन्देशलाई महत्व दिनुपर्ने बताउनुभयो।
पूर्वप्रधानमन्त्रीसमेत

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### साउदी अरबमा सुरक्षा अधिकारीको हत्या गरेको अभियोगमा तीन जनालाई मृत्युदण्ड

रियाद, २९ जेठ (रासस/एएफपी)।
साउदी अरबले एक सुरक्षा अधिकारीको हत्या गरेको र 'आतङ्कवादी समूह' खडा गरेको अभियोगमा आइतबार तीन आफ्ना नागरिकलाई मृत्युदण्ड दिएको छ।
एएफपीका अनुसार यस वर्षको सुरुदेखि अहिलेसम्म साउदी अधिकारीले ५२ जनालाई मृत्युदण्ड दिइसकेका छन्, जसमा २० जना आतङ्कवादसँग सम्बन्धित अपराधमा सङ्लग्न छन्।
साउदी अरबको गृह मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गर्दै तीनै जनाले राजधानी रियादमा एक अधिकारीको हत्या गरेको र उहाँको सवारी सधानमा आगो लगाएर शव जलाएको जनाएको छ।
उनीहरूलाई आतङ्कवादलाई आर्थिक सहयोग गरेको, हातहतियार, गोलाबारुद र विस्फोटक पदार्थ बनाउन प्रयोग हुने सामग्री राखेको अभियोगमा पनि दोषी ठहर गरिएको मन्त्रालयले जनाएको छ।
अधिकारीले आइतबार रियादमा मृत्युदण्डको सजाय सुनाएको मन्त्रालयले जनाएको छ। उक्त वक्तव्यमा प्रयोग गरिएको विधिबारे केही उल्लेख गरिएको छैन, तर राज्यले प्रायःजसो टाउको छेदन गरी मृत्युदण्ड दिने गरेको छ।
यस वर्ष 'आतङ्कवाद'का लागि सबैभन्दा बढी मृत्युदण्ड सुन्नी मुस्लिम राज्यको पूर्वी क्षेत्रमा भएको छ, जहाँ शिया अल्पसङ्ख्यक समुदायको बाहुल्यता छ।
गत महिना साउदी अरबले दुई बहराइनीलाई पनि आतङ्कवादसँग सम्बन्धित अपराधमा मृत्युदण्ड दिएको थियो। साउदी अरब विश्वकै सबैभन्दा धेरै मृत्युदण्ड दिने मुलुकमध्ये एक हो।
गत वर्ष आतङ्कवादसँग सम्बन्धित अपराधमा १४७ जनालाई मृत्युदण्ड दिइएको थियो, जसमध्ये ८१ जना एकै दिन मारिएका थिए। सामूहिक मृत्युदण्डको घटनाले अन्तर्राष्ट्रियस्तरमा आक्रोश उत्पन्न गरेको थियो।
सन् २०१५ मा राजा सलमानले सत्ता सम्हालेयता एक हजारभन्दा बढीलाई मृत्युदण्ड दिइएको बेलायतस्थित रिप्रिभ र युरोपियन साउदी अर्गानाइजेसन फर ह्युमन राइट्सले यसै वर्षको सुरुमा प्रकाशित गरेको प्रतिवेदनमा उल्लेख छ।

### चीनको नानजिङ र बङ्गलादेशबीच हवाई मार्गमार्फत् कार्गो सेवा सञ्चालन

नानजिङ (चीन), २९ जेठ (रासस/सिन्ह्वा)।
पूर्वी चीनको जियाङ्सु प्रान्तको राजधानी नानजिङबाट बङ्गलादेशको राजधानी ढाकाका लागि १७.६ टन टेक्सटाइल सामग्री बोकेको कार्गो विमान उडेको नानजिङ भन्सारले पुष्टि गरेको छ।
"पूर्वी चिनियाँ शहर नानजिङले पहिलो पटक दक्षिण एशियालाई जोड्ने हवाई कार्गो सेवा सुरु गरेको छ," चिनियाँ भन्सार कार्यालयले जानकारी गराएको छ।
यो मार्ग प्रत्येक बुधबार, बिहीबार र शुक्रबार नियमितरूपमा सञ्चालन हुने तालिका छ भने यसबाट वार्षिक दुई हजार ८०० टनभन्दा बढी मालसामान ढुवानी हुने अपेक्षा गरिएको छ।
"नानजिङको वरपरका क्षेत्रमा पूर्णआपूर्ति श्रृंखलाको साथ ठूलो मात्रामा टेक्सटाइल उद्योग छ। यहाँ उत्पादित कपडाहरू अन्तर्राष्ट्रिय ग्राहकबीच लोकप्रिय छन्, र नयाँ खोलिएको हवाई कार्गो मार्गले स्थानीय उद्यमलाई उनीहरूको वस्तुहरू निर्यात गर्नका लागि पहुँच प्रदान गर्दछ," चिनियाँ अन्तर्राष्ट्रिय रसद कम्पनीका कर्मचारी बी हेन्फेनले भन्नुभयो।

### अक्सिजनको अभावमा टेक्सासमा हजारौँ माछा मरे

ह्युस्टन, २९ जेठ (रासस/सिन्ह्वा)।
अमेरिकाको टेक्सास राज्यको गल्फ कोस्ट क्षेत्रका समुन्द्री किनारमा दुर्लभ मेन्हाडेन प्रजातीका हजारौँ माछाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले सोमबार जनाएका छन्।
क्विन्टाना तटबीच काउन्टी पार्कबाट करिब ९.७ किलोमिटर टाढा ब्राजोस नदीको मुहान नजिकै ब्रायन बिचको विकट छेउमा मरेका माछाफेला परेको गल्फ कोस्टमा रहेको बिचफ्रन्ट पार्कका अधिकारीले बताएका छन्।
शुक्रबारदेखि तटीय पानीमा सयौँ मरेका माछा तैरिरहेको तस्बिर सार्वजनिक गरेका निकुञ्जका अधिकारीले सतही पानी र सूर्यको प्रकाशको कमीका कारण अक्सिजनको मात्रा घटेकोले माछाह मरेकोअ बताएका छन्।
सफाइको प्रयास जारी रहे पनि पानी कम हुँदा अक्सिजनको अभाव भएको र यहाँ अझै हजारौँ माछा मर्ने अनुमान गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

# राजबिराज प्रिमियर लिगमा तिलाठी बिजयी




**दैनिक समाचारदाता**
**राजबिराज, २९ जेठ ।**

राजबिराज प्रिमियर लिगको पाँचौ संस्करणको वडास्तरिय खेलमा तिलाठी गाउँपालिका ५ ले रूपनीलाई ३ बिकेटले पराजित गरेको छ ।

सोमवार राजबिराज नगरपालिका कार्यवाहक नगरप्रमुख ईसरत परविन र वडा अध्यक्ष बन्धु दासले संयुक्त रूपमा उदघाटन गरे ।

राजबिराज वडा नं. ५ कार्यालयको सहयोग तथा लायन्स क्रिकेट क्लवको आयोजनामा र सप्तरी क्रिकेट संघको समन्वयमा प्रतियोगिता भइरहेको छ ।

टस जितेर रूपनीले २० ओभरमा ८ बिकेट गुमाई १ सय २२ रनको योगफल खडा गरेको थियो । जसमा महेश माझी २७ रन, अशोक मेहता र अमित चौधरीले २१/२१ रन बनाएका थिए । बलिंगतर्फ तिलाठी गाउँपालिका ५ का दिपेश सरदार र उमेश चौधरीले २/२ बिकेट र विशाल शर्मा, धिरज मण्डल, साकेत सिँह १/१ बिकेट हात पारेका थिए ।

जवाफमा तिलाठी गाउपालिका ५ ले १९ ओभर २ बलमा ७ बिकेट गुमाएर बिजय लक्ष्य पुरा गरेको थियो । जसमा उमेश चौधरी ३० रन, साकेत सिंह २२ रन, महानन्द यादब १९ रन, एकलाय मुखिया १८ रन बनाएका थिए ।

खेलको प्लेयर अफ दि म्याच तिलाठीका उमेश चौधरी घोषित भएको आयोजक समितिका गजेन्द्र माझीले जानकारी दिए ।

# जिल्ला निर्वाचन कार्यालय खारेजीको प्रस्तावबारे संसदीय समितिको चासो

काठमाडौँ, २९ जेठ (रासस) ।

राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयको मातहामा राख्ने प्रस्तावका विषयमा छलफल भएको छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमा उक्त विषय उल्सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा उक्त विषय उल्लेख गरेको थियो ।

बैठकमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगलाई थाहै नदिइ सो प्रस्ताव ल्याएकामा आफूहरू आश्चर्यमा परेको बताउनुभयो । संविधानमा उल्लेखित आयोगको अधिकारक्षेत्रलाई सरकारको बजेट वक्तव्यको अनुसूचीबाट तलमाथि हुन नसक्ने बताउँदै उहाँले खर्च कटौतीका नाममा जिल्ला निर्वाचन कार्यालय खारेजीको प्रस्ताव अव्यवहारिक र संविधान प्रतिकूल हुने टिप्पणी गर्नुभयो ।

उहाँले यसबारे पुनःविचार नभए साउन १ गतदेखि जिल्ला निर्वाचन कार्यालयबाट हुने निर्वाचन व्यवस्थापन र राजनीतिक दलको नियमनलगायतका सम्पूर्ण कार्य बन्द हुने अवगत गराउनुभयो ।

"जिल्ला निर्वाचन कार्यालयको विकल्प र प्रभावकारिताबारे बहस गर्न सकिन्छ तर आयोगको कार्यक्षेत्रका विषयमा हाम्रो परामर्श र सिफारिविना सरकारले अन्यथा निर्णय गर्न मिल्दैन", उहाँले भन्नुभयो ।

### *नवनिर्वाचित ...*

रहनुभएका अध्यक्ष नेपालले परिवर्तन राष्ट्रिय राजनीतिमा आफ्नो पार्टीको महत्व रहेको उल्लेख गर्दै राजनीतिज्ञले जनताको सुख र समृद्धिका लागि कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । समृद्ध मुलुक निर्माणका लागि सुशासन कायम गर्न आवश्यक रहेको बताउँदै त्यसका लागि भ्रष्टाचार बाधक रहेको उहाँको भनाइ थियो ।

अध्यक्ष नेपालले राजनीति विकृत बन्दै गएकाले जुन जोगी आए पनि कानै चिरेको भन्ने उखान टुक्का जनताले गर्न थालेकाले त्यसतर्फ राजनीतिक दल सचेत हुनुपर्ने सुझाव दिनुभयो । शिक्षा स्वास्थ्यमा राज्यले लगानी बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सङ्गठनका अध्यक्ष विश्वमणि सुवेदीले सबै श्रमजीवी पत्रकारको हकहित र अधिकारको संरक्षणका लागि सङ्गठन क्रियाशील रहेको बताउनुभयो । वरिष्ठ पत्रकार शन्तराम बिडारीले मोफसलका सञ्चारमाध्यमको संरक्षणका लागि लोककल्याणकारी विज्ञापन वितरण सन्तुलित बनाउन माग गर्नुभयो ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**खडक नगरपालिका, सप्तरी**



## सर्पदंशसँ अपनो बचू आ दोसरोके बचाबू

१. गर्मी महिनामे घर अगल-बगल साँपक बास स्थल भऽ सकैत अछि । तैं एकर व्यवस्थापन करुं ।
२. घरक अगल-बगलमे साफ सुथरा राखू ।
३. खुल्ला स्थानमे शौच नहि करु आऽ खाली पयर नहि चलू ।
४. राइतक समयमे बाहर जाए परए तऽ टॉर्च लाइट तथा लाठी लऽ कऽ मात्र निकलू ।
५. सुतैतकाल बिछाओन नीकसँ बिछाबू आऽ मच्छरदानी लगबए नहि बिसरु ।
६. घरमे रहल बोहैर (भूर) सब अविलम्ब बन्द करु । लार,पुआर,जारैन, गोइठा आदि निकालैतकाल साबधानी अपनाऊं ।
७. साँपक काट्लापर तुरन्ते ओहि स्थानमे बैन्डेज या सफा कपडासँ बान्हि कऽ तुरन्ते लगमे रहल अस्पताल वा सर्पदंश उपचार केन्द्रमे लऽ जाऽ कऽ ईलाज कराबू ।
८. साँप काट्ला पर झारफुक या धामीगुणीसँ विषनिकालनाइ जंका अन्धविश्वासमे नहि परुं ।

**मधेश प्रदेश सरकार**
**आमसञ्चार प्राधिकरण**



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*